# म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

बागमती प्रदेश

म्यागङ गाउँपालिका कार्यपालिकाको कार्यालय देउराली, नुवाकोट बागमती प्रदेश

## हार्दिक अपिल ।

विश्वव्यापी महामारीको रुपमा सम्पूर्ण विश्वलाई आक्रान्त परिरहेको कोरोना भाइरस (COVID-19) को कारण हाम्रो देश पनि जोखिममा छ । कोरोना भाइरस (COVID-19) को सम्भावित संक्रमणको नियन्त्रणको लागि नेपाल सरकारको निर्णय बमोजिम सम्पूर्ण मुलुक LOCKDOWN को अवस्थामा छ । LOCKDOWN का कारणले गर्दा रोजगारी गुम्न गई दैनिक ज्याला मजदुरी गरि जीवन यापन गर्ने अति विपन्न परिवार, मजदुर, असहाय तथा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग आदिको खाद्यान्नको अभावमा साँझ विहान हात मुख जोर्ने समस्यामा परेका छन् । यस्ता लक्षित वर्गलाई यस विपद्को घडिमा केही राहत उपलब्ध गराउने उद्देश्यले यस म्यागङ गाउँपालिकाले स्थानीय आकस्मिक कोष खडा गरेको छ ।

विपद्को यस समयमा वितरणलाई एकद्वार प्रणालीबाट सञ्चालन गरी व्यवस्थित गर्नका लागि जनप्रतिनिधि, समाजसेवी, राजनितिक दल, उद्योगी व्यापारी, सामाजिक संघ संस्था, गैर सरकारी तथा अन्तराष्ट्रिय गैर सहकारी संस्था, कर्मचारी लगायतका इच्छुक महानुभावहरुले यस म्यागङ गाउँपालिकाको नाममा रहेको हिमालयन बैङ्क म्यागङ शाखाको स्थानीय आकस्मिक कोषमा स्वेच्छिक रुपमा सहयोगको लागि हार्दिक अपिल गर्दछौं ।

खाताको नामः स्थानीय आकस्मिक कोष खाता

बैङ्कको नाम र शाखाः हिमालयन बैङ्क, म्यागङ शाखा

खाता नं. ०५७०७६३७४२००६७

साथै चामल, दाल, नुन, तेल, आलु, साबुन लगायतका अत्यावश्यक खाद्यान्न र स्वास्वथ्य सामाग्रीहरु सहयोग स्वरुप उपलब्ध गराउन चाहनुहुने महानुभावहरुले गाउँपालिका कार्यालयमा वा सम्पर्क व्यक्तिहरुलाई सम्पर्क गरि सहयोग गर्न सक्नुहुनेछ ।

<u>सम्पर्क व्यक्तिः-</u>

१) आशा तामाङ (गाउँपालिका अध्यक्ष) - ९८४१७५९१०८
२) शान्ति लामा गुरुङ (गाउँपालिका उपाध्यक्ष) - ९८४१५४८९२०
३) प्रमोद तिमल्सिना (प्रमुख प्रशासकीय अधिकृत) - ९८५१२५४०३२
४) बिरेन्द्र तामाङ (सूचना तथा संचार प्रविधि अधिकृत) – ९८५१२५५२६७
५) कुमार लाल श्रेष्ठ (सि.अ.हे.व, छैठौं) - ९८६२४९०९१५

२०७६/१२/२८

प्रमोद तिमल्सिना
(प्रमुख प्रशासकीय अधिकृत)

प्रमोद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत

ईमेलः myagangrm@gmail.com, URL: myagangmun.gov.np